# सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### गण्डकी प्रदेश, नेपाल

प. सं. : २०८२/८३
च. नं. ५६८

मिति : २०८२/०८/०१

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री यो जो जससँग सम्बन्धित छ।

लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका अन्तर्गत श्री संस्कृति सदन माध्यमिक विद्यालय सुन्दरबजार -४ मा मिति २०८२/०८/०१ बाट रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाईदिन भनी विद्यालयको च. नं. ७० मिति २०८२/०८/०१ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियामावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना sanskritisadan2008@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिएबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ लमजुङ, बेसीशहर।
श्री संस्कृतिसदन माध्यमिक विद्यालय सुन्दरबजार -४, दुराडाँडा, अर्चल्यानी, लमजुङ।
श्री सुन्दरबजार नगरपालिका, सुचना प्रविधि शाखा, सुचना वेभसाइटमा प्रकाशनका लागि।

२०८२/०८/०१
..............
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत